# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या: ०७५/७६
च.नं. मितिः २०७५।१२।८

श्री प्रमुखज्यू,
एकडारा गाउँपालिका,
महोत्तरी ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट एकडारा गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.३ करोड ५६ लाख ४६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३ लाख ७० हजार, नियमित गर्नुपर्ने रु.३ करोड ८ लाख ७९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.११ लाख २० हजार र पेश्की रु.३२ लाख ७५ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता तयार गर्दा नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।१०।२९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ११ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# एकडारा गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# ०७४।७५

**१. परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गर्दै गुणस्तरिय सेवा प्रदान गरी जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक, आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्धेश्य रहेको छ ।

**२. स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७४।७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था देहाय वमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **७७८७८७१.२२** | १ | **चालु खर्च** | १२४६३८२०६.७८ |
| | क) नगद | ०.०० | २ | **पूँजीगत खर्च** | ६८९२४३३२.१९ |
| | ख) बैंक | ७७८७८७१.२२ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ०.०० |
| २ | **राजस्व (आन्तरिक आय)** | **२००१५५४.७४** | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | २००१५५४.७४ | | ख) व्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | ०.०० | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | ०.०० | ४ | **लगानी** | ०.०० |
| ३ | **वित्तीय हस्तान्तरण** | | | ऋण लगानी | |
| | क) वित्तीय समानीकरण अनुदान | १५२७९४०००.०० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | ६२३१९०००.०० | | अन्य लगानी | |
| | ग) सामाजिक सुरक्षा | ४०३१४०००.०० | ५ | **धरौटी फिर्ता** | ६६०७७१.०० |
| | घ) स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम | १०६००००.०० | ६ | **धरौटी वाँकी** | ६१७०००.०० |
| | ङ) बहुक्षेत्रिय पोषण कार्यक्रम | १२७१०००.०० | ७ | **कोष खर्च** | |
| | च) समाज कल्याण कार्यक्रम | ४०००००.०० | ८ | **मौज्दात** | **७७८३४८८६.९९** |
| | छ) राहात अनुदान | ३४५००००.०० | | क) नगद मौज्दात | ०.०० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ख) बैंक मौज्दात | ७७८३४८८६.९९ |
| | क)वित्तीय समानीकरण अनुदान | | | | |
| | ख) सशर्त अनुदान | | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | | | |
| ८ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | |
| ९ | **धरौंटी आय** | १२७७७७१.०० | | | |
| १० | **लगानीको साँवा फिर्ता** | | | | |
| ११ | **अन्य विविध आय** | | | | |
| | **जम्मा** | **२७२६७५१९६.९६** | | **जम्मा** | **२७२६७५१९६.९६** |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | **आन्तरीक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र कार्यदक्षतापुर्ण ढंगवाट सम्पादन गर्न तथा वित्तिय प्रतिवेदन प्रणाली विश्वसनिय वनाउन आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अवलम्वन गरेको आन्तरिक नियन्त्रण प्रणालिमा देहायका अवस्था देखिएको छ । कार्यालयको समग्र व्यवस्थापन सुदृढ गर्न आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्दछ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७७ अनुसार आन्तरिक लेखापरीक्षण गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७६ अनुसार हुने गरी महालेखा नियन्त्रकको कार्यालयले निशुल्क उपलब्ध गराएको Sub National Treasury Regulatory Application - SUTRA को प्रयोग नगरेको साथै मासिक आय व्यय विवरण ७ गते भित्र सार्वजनिकिकरण गरेको देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७८(५) अनुसार योजना सञ्चालन तथा कार्यान्वयन गर्दा सार्वजनिक परीक्षण, समाजिक परीक्षण र सार्वजनिक सुनुवाई गरेको देखिएन ।<br>• लागत अनुमान तयार गरी गरेको निर्माण कार्यको नापी पछि उपभोक्ता समितिको विल तयार गर्दा उपभोक्ता समितिको योगदान समेत समावेश गर्ने गरेको छ । निर्माण कार्यस्थलमा उपभोक्ता प्रत्यक्ष रुपमा काममा सहभागी नहुने साथै उपभोक्ताको अंश वरावरको रकम लगानी समेत नगरेको अवस्थामा निर्माण कार्यको परिमाण वढाई उपभोक्ता समितिको योगदान देखाउँदा निर्माण स्थलको वास्तविक कार्यको नापी हुने देखिएन ।<br>• सार्वजकि खरिद नियमावली, २०६४ को नियम १० (३) अनुसार लागत अनुमान तयार गर्दा प्राविधिक दृष्टिकोणले कार्य सम्पन्न गर्न लाग्ने समयावधि उल्लेख गरको पाईएन ।<br>• भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र नियम १८ बमोजिम भ्रमण प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको पाइएन ।<br>• मर्मत आदेश तथा म.ले.प.फारम नं. २ मर्मत अभिलेख राखेको देखिएन ।<br>• कार्यक्रम खाता, लक्ष्य प्रगति, आर्थिक कारोवारको संक्षिप्त वार्षिक प्रतिवेदन तथा वार्षिक कार्य सम्पादन प्रतिवेदन राखेको पाईएन ।<br>• मुद्दा दर्ता तथा फछ्र्यौट अभिलेख राखेको पाईएन ।<br>• आयोजना संचालन गर्न संलग्न भएका उपभोक्ता समिति दर्ता गरेको देखिएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दशलाख रुपैयाँ भन्दा बढीको खरिद कार्यमा वार्षिक खरिद योजना बनाई खरिद योजना कार्यान्यिन गर्नु पर्नेमा सोको पालन हुन सकेको देखिएन ।<br>• राजस्वतर्फ आय ठेक्का सम्झौता, रसिद छपाई अभिलेख, प्रमाणित रसिद नियन्त्रण खाता, राजश्वको प्रमाणित गोश्वारा भौचर, दैनिक आम्दानी अभिलेख किताब राखेको देखिएन ।<br>• कार्यालयले म.ले.प.फारम नं. १५ वैंक हिसाव मिलान विवरण तयार गरेको छैन ।<br>• शिक्षा तर्फ विद्यालयलाई तेश्रो चौमाशीक निकासा भुक्तानी गर्दा वित्तिय लेखापरीक्षण प्रतिवेदन प्राप्त भएपछि मात्र निकासा दिनुपर्नेमा प्रतिवेदन वेगर निकासा भुक्तानी गरेको छ ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का संझौता तथा मूल्य अभिवृद्धि कर भुक्तानीको रकम खुलाई मासिक रुपमा सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था भएकोमा सो अनुरुप जानकारी दिएको पाइएन ।<br>कार्यालयले सम्पादन गर्नुपर्ने प्रत्येक कार्य क्षेत्रहरुका जोखिम पहिचान गरी त्यसलाई न्यूनिकरण गर्न आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी कार्यान्वयन गर्नु पर्दछ । | |
| २ | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार | |

सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

३ **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गाउँपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९७(१)मा उपभोक्ता समितिमार्फत काम गराउन लागत अनुमान तयार गर्दा उपभोक्ता समितिको योगदान समेत समावेश गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिको योगदान समेतको भुक्तानी विल तयार भएको भएपनि कुनैपनि निर्माण कार्यमा उपभोक्ता समितिको प्रत्यक्ष सहभागिता भएको वा रकम जम्मा गरेको देखिएन । यसवाट निर्माण कार्यभन्दा वढीको नापी देखाउने र योगदान नगरेको उपभोक्ता समितिको नाममा योगदान गरेको भनि वढी देखाएको परिमाण वरावरको रकम देखाउने गरेको देखिन्छ । यस्तो अवस्थामा सुधार गर्ने तर्फ कार्यालयको ध्यान पुग्नुपर्ने देखिन्छ ।

४ **आन्तरिक आम्दानी :** कार्यालयले आर्थिक वर्ष २०७४।७५ मा रु. ४९ लाख आन्तरिक श्रोत पहिचान गरी राजश्व संकलन गर्ने लक्ष्य लिएकोमा निम्नानुसार रु. ७,२१,०८७।९४ अर्थात १४.७२% मात्र आन्तरिक आय प्राप्त गरेको देखिन्छ । कार्यालयको आन्तरिक आय तर्फको वैंक खाता तथा आम्दानी भौचर परीक्षण गर्दा विभिन्न भौचरवाट निम्नानुसार वैंक स्टेटमेन्ट तथा वैंक भौचरको आधारमा आम्दानी जनाएको देखिन्छ । ठेक्का सम्झौता, आम्दानी अनुमान गर्ने आधार, ठेक्का प्रक्रिया देखिने कागजात, नगदी तथा मालपोत रसिद छपाई तथा  रसिद नियन्त्रण खाता अनुसार वडा कार्यालय तथा कर्मचारीहरुलाई हस्तान्तरण भएका रसिदहरु कार्यालयमा प्राप्त गरी राजश्व दाखिला नभएकोले आय ठेक्का रकम तथा मालपोत वापतको आम्दानी समयमा प्राप्त भए नभएको तथा रसिद जारी भई आम्दानी जनाउने कार्य भए नभएको यकिन हुने देखिएन । पारदर्शी आम्दानी प्रणाली र प्रतिस्पर्धी ठेक्का व्यवस्था कायम गरी सवै आम्दानी गाउपालिमा मार्फत व्यवस्थित हुने गरी आम्दानी प्राप्त गर्नु पर्दछ । ठेक्का फाईल, आय ठेक्का सम्झौता र आम्दानी भिडान हुने नगदी रसिद समेत पेश गरी सोही आधारमा मात्र वास्तविक आम्दानी यकिन गर्नुपर्ने साथै थप आम्दानी दाखिला गर्न बांकी देखिएमा सो समेत दाखिला गर्नुपर्दछ ।

| भौ.नं. | वडा नं. | विवरण | दाखिला गर्नेको नाम | दाखिला रकम |
|---|---|---|---|---|
| २।०७४।०४।०६ | ५ | साहुजी पोखरी | सुरज साह | २०००००.०० |
| १०।०७४।०८।२९ | ३ | मालपोत वापत | कौशलेन्द्र कुमार कर्ण | २०४०.०० |
| १२।०७४।१०।२५ | ४ | विभिन्न | रतन राय | २०८७१.०० |
| २३।०७५।०१।०६ | | शिक्षा सम्वन्धी सुल्क | | २६०००.०० |
| २४।०७५।०१।०९ | ४ | मालपोत | पपु ठाकुर | १९४२०.६० |
| ३१।०७५।२।२० | ५ | पोखरी ठेक्का | सुरज साह | १५००००.०० |
| ३२।०७५।०३।०१ | ३ | मालपोत | कौशलेन्द्र कुमार कर्ण | ५३३९.०० |
| ३५।०७५।०३।०७ | ५ | मालपोत | विकाश कुमार झा | ३३५४.०० |

५ **आन्तरिक आम्दानी तथा प्रशासनिक खर्च :** गाउँपालिकाले प्रशासनिक खर्चलाई आन्तरीक आयको निश्चित सिमा भित्र राख्नु पर्दछ । गाउँपालिकको आन्तरीक आय रु. २० लाख २ हजार रहेको छ । पदाधिकारीको सेवा सुबिधा तथा प्रोत्साहन भत्ता तर्फ निर्णय भए अनुसार तलब तथा भत्ता सुबिधामा देहाय अनुसार आम्दानी भन्दा २ गुणा बढि हुनेगरी वार्षिक रु. ४९ लाख ७९ हजार खर्च हुने देखिन्छ ।

| सि.न. | विवरण | वार्षिक रु |
|---|---|---|
| १. | पदाधिकारी तलव भत्ता | यस आ.व.मा भुक्तानी नभएको |
| २. | पदाधिकारी वैठक भत्ता | ८०१४००.०० |
| ३. | पदाधिकारी अन्य भत्ता | ३३८०००.०० |
| ४. | पदाधिकारी इन्धन सुविधा | ६७५३३५.५० |

| | | |
|---|---|---|
| ५. | कर्मचारी इन्धन सुविधा | ३६९८६३.८६ |
| ६. | सभा सञ्चालन खर्च | ४४६५६०.०० |
| ७. | विविध खर्च | १०६३५३३.५० |
| ८. | सवारी साधन भाडा | १२८४०००.०० |
| | **जम्मा :** | **४९७८६९२.८६** |

सेवा सुबिधामा आन्तरीक आय भन्दा बढी खर्च हुँदा पूजि बृद्धी हुने पूर्वाधारका क्षेत्रमा हुने लगानी प्रभावित हुने देखिएकोले सञ्चालन खर्च निश्चित शिमा भित्र कायम गरी खर्च व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

६ **आन्तरिक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ अनुसारको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनमा ल्याई कारोवारको यथार्थ अवस्था चित्रण हुने वित्तिय विवरण तयार गर्न नसकेको कारण कार्यालयले दफा ७७(२) वमोजिम आन्तरिक लेखापरीक्षण गराएको देखिएन । अन्तिम लेखापरीक्षणको लागि रु. २७२६७५१९६.९६ को आय व्यय विवरण पेश गरेकोमा आन्तरिक लेखापरीक्षण समेत नहुँदा कारोवारको प्रविष्टी र जोड जम्मा एकिन गरी प्रमाणित भएको देखिएन । समयमा आन्तरिक लेखापरीक्षण नगराउदा कार्यालयको समग्र वित्तिय जवाफदेहिताको स्तर घट्न जाने देखिन्छ । समयमै आन्तरिक लेखापरीक्षण गरी वित्तिय जवाफदेहिता कार्यम गर्ने तर्फ सम्वन्धित निकायको ध्यान पुग्नुपर्ने देखिन्छ ।

७ **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको भौंचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली राजस्व ढिलो दाखिला हुने गरेको पाईयो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । त्यस्तै दैनीक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनुपर्ने देखिन्छ ।

८ **अवण्डा:** स्थानीय सासन सञ्चालन ऐन, २०७४ दफा ७१ मा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाई गाउँसभा मार्फत पारित गर्नु पर्ने उल्लेख छ । कार्यालयको आर्थिक वर्ष २०७४।७५ को स्वीकृत वार्षिक कार्यक्रम विश्लेषण गर्दा गाउँपालिकाले सञ्चालन गर्ने देखि वडा स्तरसम्मका योजनामा देहाय अनुसार रु. २ करोड ७१ लाखको पि.सि.सि. ढलान गर्ने कार्य र रु. ८ लाखको माटो ग्राभेल गर्ने कार्य गरी जम्मा रु. २ करोड ७९ लाखको कार्य गर्ने गरी योजना नखुल्ने कार्यमा वजेट प्रस्ताव गरि स्वीकृत गरेको देखिन्छ । योजना सञ्चालन हुने स्थान र लक्षित वर्ग पहिचान नगरी सुविधाको आधारमा खर्च गर्ने गरी योजना तर्जुमा गर्दा वित्तिय अनुसाशन कायम हुने देखिएन । अवण्डा वजेट कायम गर्ने पद्धतिमा सुधार गरी योजना तथा वजेट र कार्यक्रम पारदर्शी वनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ । **२७९०००००.००**

| क्र.सं. | वडा नं. | विवरण | वजेट |
|---|---|---|---|
| १. | १ | एकडारा दक्षिणकाली टोल स-साना सडकमा पि.सि.सि. ढलान | ३००००००.०० |
| २. | ३ | फूलवारी टोल स-साना सडकमा पि.सि.सि. ढलान | ३००००००.०० |
| ३. | ३ | व्लक भित्रका स-साना सडकमा पि.सि.सि. ढलान | २००००००.०० |
| ४. | ४ | गाउँ व्लक भित्रका सडकमा माटो ग्राभेल | ५०००००.०० |
| ५. | ४ | गाउँ व्लक भित्रका सडकमा पि.सि.सि. ढलान | १५०००००.०० |
| ६. | ४ | गाउँ व्लक भित्रका स-साना सडकमा पि.सि.सि. ढलान | ५००००००.०० |
| ७. | ५ | स-साना सडकमा पि.सि.सि. ढलान | १००००००.०० |
| ८. | ५ | टोलका स-साना सडकमा पि.सि.सि. ढलान | ४००००००.०० |
| ९. | ६ | स-साना सडकमा पि.सि.सि. ढलान | ७६०००००.०० |
| १०. | ६ | स-साना सडकमा माटो ग्राभेल | ३०००००.०० |
| | | **जम्मा** | **२७९०००००.००** |

९ **कोष व्यवस्था :** कार्यालयले यस वर्ष प्राप्त गरेको वित्तिय समानिकरण अनुदान मध्येबाट व्यवस्था गरी देहाय अनुसारको ४ कोषमा रु. ४० लाख जम्मा गरेको देखिन्छ । कुल अनुदानको ५ प्रतिशत हुनेगरी

कोषमा रकम जम्मा गरेपनि कोषबाट खर्च गर्ने तथा कोषमा जम्मा गर्ने व्यवस्था प्रष्ट हुने गरी कोष संचालन कार्यविधि स्वीकृत गरेको देखिएन । कोष संचालन गर्ने मापदण्ड स्वीकृत नहुँदै समानिकरण अनुदानमा प्राप्त रकम कोष खातामा ट्रान्सफर गर्दा विकास निर्माण संग सन्वन्धित कार्यमा खर्च हुने रकम कोष खातामा मौज्दात कायम हुन गएको छ । साथै आन्तरिक श्रोतको व्यवस्थापन नगरी अनुदान रकमबाट कोष खडा गर्दा अनुदान प्रभावकारी क्षेत्रमा खर्च नहुने अवस्था सृजना भएको देखिन्छ । कोषमा जम्मा गर्ने र खर्च गर्ने सम्वन्धमा कार्यविधी व्यवस्थित गरेर मात्र कोष स्थापना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

| कोषको विवरण | रु. |
|---|---|
| कर्मचारी कल्याण कोष | १००००००.०० |
| विपद व्यवस्थापन | २०००००.०० |
| मर्मत संभार कोष | १७०००००.०० |
| सम्पुरक कोष | २००००००.०० |
| **जम्मा** | **४००००००.००** |

स्थानीय सासन सञ्चालन ऐन, २०७४ दफा ७१ मा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाई गाउँसभा मार्फत पारित गर्नु पर्ने उल्लेख छ । गाउँपालिकाले रु. ५० लाख बजेट कार्यक्रम स्वीकृत नगरी अद्यावधिक योजनामा खर्च गर्ने भनी अवण्डामा राखेको देखियो । उक्त रकमवाट खर्च भएको छुट्टै विवरण श्रेस्तासाथ पेश भएको छैन । अवण्डा वजेट कायम गर्ने पद्धतिमा सुधार गरी योजना तथा वजेट र कार्यक्रम पारदर्शि वनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

१० **योजना व्यवस्थापन :** वार्षिक विकास योजना २०७४।७५ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका र छरिएका देखिएको छ । गाउँपालिकाले देहाय अनुसार भौतिक पूर्वाधार, प्रवर्धनात्मक कार्यक्रम, गाउँपालिका अनुदान र नगर क्षेत्र पूर्वाधार कार्यक्रममा पूँजीगत बजेट शिर्षकमा समावेस भएको रु. २७ करोड १३ लाखका ६३ निर्माण योजना स्वीकृत गरी अधिकांस योजना सम्पन्न गरेको छ । यस्ता योजना मध्ये रु. १ लाख भन्दा साना योजना ३ वटा, १ देखि २ लाख सम्मका योजना ८ वटा, २ देखि ३ लाख सम्मका योजना ७ वटा, ३ देखि ४ लाख सम्मका योजना १ वटा, ४ देखि ५ लाख सम्मका योजना ८ वटा, ५ देखि १० लाख सम्मका योजना १६ वटा र १० लाख भन्दा माथिका योजना २० वटा सञ्चालन गरेको देखिएको छ । निर्माण कार्य सम्झौता संख्या धेरै हुंदा कार्यालयको जनशक्ति वर्षैभरी निर्माण कार्य व्यवस्थापनमा लाग्नु पर्ने साथै स साना योजना सञ्चालन गर्दा खर्च बृद्धि हुने र तात्विक लाभ नहुने देखिन्छ । त्यसैले स साना छरिएका योजना भन्दा ठुला बजेटका महत्वपूर्ण योजना छनौट, स्वीकृती र सञ्चालन गर्न गाउँपालिकाको ध्यान जानुपर्ने देखिएको छ । त्यस्तै निर्माण सम्झौताको आधारमा विश्लेषण गर्ने हो भने प्रविधिक कर्मचारीले प्रत्येक निर्माण कार्यमा पुरा समय दिएर कार्य गर्न सक्ने अवस्था नदेखिदा कार्यको गुणस्तरमा समेत प्रभाव पर्ने देखिएको छ । निर्माण कार्य सम्झौता आर्थिक वर्षको अन्तसम्ममा पनि भइरहने गर्नाले निर्माण कार्य व्यवस्थापनको कार्य आर्थिक कार्यविधि नियमावली, २०६४ अनुरुप प्रथम चौमासिकमा नभई आषाढसम्म पनि भइरहेको देखिन्छ । यस सम्बन्धमा गाउँपालिकाको ध्यान जानुपर्ने देखिएको छ ।

| विवरण | गाउँ पालिका | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ लाख सम्मका | ३ | - | - | - | - | - | - | ३ |
| १ देखि २ लाख सम्मका | ७ | - | १ | - | - | - | - | ८ |
| २ देखि ३ लाख सम्मका | ६ | - | - | - | - | - | १ | ७ |
| ३ देखि ४ लाख सम्मका | ० | - | - | - | - | - | १ | १ |
| ४ देखि ५ लाख सम्मका | ३ | १ | - | - | १ | १ | २ | ८ |
| ५ देखि १० लाख सम्मका | ९ | २ | - | - | ३ | १ | १ | १६ |
| १० लाख भन्दा बढिका | ५ | २ | ३ | ४ | २ | २ | २ | २० |
| **कुल जम्मा** | **३३** | **५** | **४** | **४** | **६** | **४** | **७** | **६३** |

११ **चौमासिक खर्चः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको

कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पुँजिगत तर्फ प्रथम चौमासिकमा खर्च नभएको, दोश्रो चौमासिकमा ३ प्रतिशत, तेश्रो चौमासिकमा ९७ प्रतिशत र आषाढ महिनामा मात्र ७८ प्रतिशत खर्च गरेको देहाय बमोजिम देखिएको छ ।

| बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| ८०१५१६ | ६८३२४३३२.०० | ० | १८०५६२३.०० | ६६५१८७०९.०० | ५३१५५२३३.०० |
| **खर्च प्रतिशत** | **१००** | **०** | **३** | **९७** | **७८** |

आर्थिक वर्षको अन्तमा बढी खर्च गर्दा खरिद ऐन र नियमावलीका व्यबस्थाहरु पालनामा नहुने, चौमासिकहरुमा सन्तुलित रुपमा खर्च व्यबस्थापन नहुने, बस्तु तथा सेवा प्राप्तिमा ढीलाई हुने, निर्माण कार्य गुणस्तरयूक्त नहुने अवस्था सिर्जना हुने भएकोले कार्यालयले योजनाहरुको सम्झौता तथा कार्यान्वयन समयमै गरी चौमासिक खर्च व्यवस्थापन तथा कार्यवोझमा सन्तुलन ल्याउनु पर्दछ ।

१२ **परामर्श सेवा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिवाट काम हुन नसक्ने भएमा परामर्शवाट सेवा खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले यस वर्ष कल्हुवा पोखरी, हुलाकी राजमार्ग लिंकरोड, रामजानकी पोखरी तथा साहुजी पोखरी पुनःस्थापन गरी पार्क निर्माण गर्न र लिंक रोडको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न देहाय अनुसारका परामर्शदाता नियूक्त गरी रु. २९,७९,८१०।०० भुक्तानी दिएको देखियो । परामर्श दाताले पेश गरेको परियोजना प्रतिवेदन अनुसार ती क्षेत्रका योजनालाई संसोधन तथा परिमार्जन गरी परामर्शका सुझावलाई डिजाईन तथा कार्यक्रममा समावेश गरेको देखिएन । उपयोग नगर्ने क्षेत्रमा परामर्शदाता नियुक्त गरी प्रतिवेदन तयार गराइ भुक्तानी गर्दा खर्च प्रणाली मितव्ययी देखिएन । प्रतिफलसंग आवद्ध नहुने गरी परामर्श खर्च गर्ने र परामर्शका सुझाव कार्यान्वयन नगर्ने अवस्थाले यस क्षेत्रमा गरेको खर्च नियमित देखिएन । यस्तो अवस्थामा सुधार गरी प्रयोग हुने र उपयोगी क्षेत्रमा मात्र परामर्शदाता नियुक्ति गरी योजना निर्माण तथा खर्च प्रणाली व्यवस्थित गर्नुपर्ने देखिन्छ । **२९७९८१०.००**

| भौ. नं. | कामको विवरण | परामर्शदाता | भुक्तानी (रु) |
|---|---|---|---|
| २।०७५।०३।२२ | केल्हुवा पोखरी पुर्नस्थापना र मनोरञ्जन पार्कको डि.पि.आर. | भगवती इन्जिनियरिङ्ग प्रा.लि., नया वानेश्वर | ४९६६३५.०० |
| ६९।०७५।०३।२५ | हुलाकी सडक लिंक रोड डि.पि.आर. | आई.एन.ए.सि. इन्जिनियरिङ्ग प्रा.लि., पुतली सडक | ४९८३३०.०० |
| ७०।०७५।०३।२५ | विस्तृत डिजाईन तथा सर्वेक्षण | ए.एम.वाई. कन्सल्टेन्ट प्रा.लि., सानेपा, ललितपुर | ४९८३३०.०० |
| ३४।०७५।०३।०६ | रामजानकी पोखरी पुर्नस्थापना सर्वे पुर्वतर्फ | युनिभर्शल रिशर्च एण्ड डेभलपमेन्ट प्रा.लि. | ४९४९४०.०० |
| | रामजानकी पोखरी पुर्नस्थापना सर्वे पश्चिम तर्फ | स्ल्याव कन्सल्टेन्ट प्रा.लि., ललितपुर | ४९६६३५.०० |
| ३।०७५।०३।२२ | साहुजी पोखरी पुर्नस्थापना र मनोरञ्जन पार्क निर्माणको डि.पि.आर. | इप्याक डिजाइन कन्सल्टेन्ट प्रा.लि., काठमाडौं | ४९४९४०.०० |
| | | | २९७९८१०.०० |

१३ **टुक्रे खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिश्पर्धा सिमित हुने गरी टुक्रा वनाई खरिद गर्न नहुने व्यवस्था छ । नमुनाका लागि छनौट भएका मध्ये गाउँपालिकाको वडा नं. ६ मा आर्थिक वर्षको अन्तिम हप्तामा देहाय अनुसारको १० निर्माण कार्य सोझै गरेको भनि गो.भौ.नं. ३५ देखि ४८ सम्मवाट लागत अनुमान रु. ४७,३८,८७५।०० को कार्य लागत अनुमानसंग लगभग वरावर हुने गरी रु. ४७,२०,५०५।९३ फरक फरक निर्माण व्यावसायीको विजक संलग्न गरी भुक्तानी गरेको देखियो । उक्त कार्य मध्ये रु. ३,८७,९१५।५० को १ काममा ढलान गरेको कामको भुक्तानी भएपनि अन्य वाकी सवै रु. ४३,३२,५९०।८८ को ९ काम ग्राभेलको रहेको देखिएको छ । अषाढ

महिनामा ग्राभेलको काम देखाई भुक्तानी गर्दा गुणस्तरीय कार्य हुने देखिएन । स–साना ग्राभेलको कार्यको काम भएको ६ महिना पछि स्थलगत अवस्थाको निरीक्षण हुन सक्ने समेत देखिएन । लागत अनुमान वरावरकै सम्झौता गरी कार्य गर्दा समेत आर्थिक वर्षको अन्त्यमा हतार हतार गरी कार्य गर्दा निर्धारित गुणस्तर र परिमाणमा कार्य नहुने अवस्था समेत देखिन्छ । रु. ५ लाखको निर्माण कार्य गर्न काठमाडौवाट समेत निर्माण व्यवसायी आई काम गरेको अवस्था वास्तविक देखिएको छैन । निर्माण कार्यलाई एउटै प्याकेजमा समावेश गरी समयमा निर्माण सम्झौता गरी डुवानको समय पुर्वनै निर्माण कार्य सम्पन्न गराउने साथै वास्तविक निर्माण अवस्था यकिन गर्ने अनुगमन संयन्त्र निर्माण गरेर मात्र भुक्तानी गर्ने तर्फ कार्यालयको ध्यान पुग्नुपर्ने देखिन्छ ।

| **क.सं.** | **भौ.नं.** | **निर्माण व्यावसायी** | **विवरण** | **भुक्तानी** | **लागत अनुमान** |
|---|---|---|---|---|---|
| १ | ३५।०७५।०३।३० | जनज्योती कन्ट्रक्शन, जनकपुर | वडा नं. १ विनेश पाण्डको घर देखि रमेश पाण्डेको घर सडकमा माटो ग्राभेल | ४८०२८८.२८ | ४८३४३५.६० |
| २ | ३६।०७५।०३।३० | वालाजी निर्माण सेवा, सिराहा | वडा नं. ६ को सडकमा माटो ग्राभेल | ४८११७५.६५ | ४८३१७०.०० |
| ३ | ३९।०७५।०३।३० | साईवावा निर्माण सेवा, जनकपुर | वडा नं. ६ हाजिरी मण्डलको घरदेखि सवरण मण्डल सडक ढलान | ३८७९१५.०० | ३८७९३२.०० |
| ४ | ४०।०७५।०३।३० | ए.टु.जेड. कन्स्ट्रक्शन, जनकपुर | वडा नं. ६ वगिया आँचल शर्माको घरदेखि कमल कसको घर | ४८१०५७.०० | ४८३४३५.०० |
| ५ | ४१।०७५।०३।३० | रुपा कन्स्ट्रक्शन, जनकपुर | वडा नं. ६ को सडकमा माटो ग्राभेल | ४८२४७४.९५ | ४८२५९३.०० |
| ६ | ४२।०७५।०३।३० | नमन कन्स्ट्रक्शन, औरही, महोत्तरी | वडा नं. ६ को सडकमा माटो ग्राभेल | ४८२१३८.०० | ४८२५९३.०० |
| ७ | ४३।०७५।०३।३० | भगवती कन्स्ट्रक्शन, तारकेश्वर, काठमाडौं | दिनेश धोवीको घरदेखि काल्कुवा इनार सडक माटो तथा ग्राभेल | ४८००४६.०० | ४८२५९३.०० |
| ८ | ४४।०७५।०३।३० | भान्जा कन्स्ट्रक्शन, जनकपुर | वडा नं. ६ कोल्कुवा गाउँ व्लक भित्रका सडकमा माटो ग्राभेल | ४८१९७३.०५ | ४८३८२१.०० |
| ९ | ४५।०७५।०३।३० | मानवी कन्स्ट्रक्शन एण्ड कन्सल्टेन्सी, धनुषा | वडा नं. ६ जलेश्वर वर्दिवास देखि गोररपुरा सडक ग्राभेल | ४८००७६.०० | ४८४३६८.०० |
| १० | ४८।०७५।०३।३० | सावन विल्डर्स, जनकपुर | वडा नं. ६ रमेश पाण्डेको घरदेखि माटो ग्राभेल | ४८३३६२.०० | ४८४९३५.०० |
| | | **जम्मा** | | **४७२०५०५.९३** | **४७३८८७५.६०** |

१४ **भुक्तानीको अवस्था:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९७(१)मा उपभोक्ता समितिमार्फत काम गराउन लागत अनुमान तयार गर्दा उपभोक्ता समितिको अंश समेत समावेश गर्नुपर्ने व्यवस्था भए अनुसार नमुनाका आधारमा छनौट गरिएको देहायका रु. ७०,३६,६१८।०० का ४ निर्माण कार्यमा नापी किताव अनुसार उपभोक्ता समितिको अंश रु. ७,९५,२५७।०० र कार्यालयको तर्फवाट रु. ६२,३९,३६१।०० वेहोर्ने गरी उपभोक्ता समितिको विल तयार भएको भएपनि कुनैपनि निर्माण कार्यमा उपभोक्ता समितिको प्रत्यक्ष सहभागिता भएको वा रकम जम्मा गरेको देखिएन । उपभोक्ताले योगदान नगरेको कार्यको लागत अनुमान तयार गर्दा र नापी गरी ठेक्का विल तयार गर्दा समेत परिमाण र रकम समेत देखाउने गरेको छ । साथै रु. ११ लाख लागत अनुमान भएको कम्पाउण्ड वाल निर्माणको कार्यमा ८ लाखको, ४३ लाख लागत अनुमान भएको सडक निर्माण कार्यमा रु. ३४ लाखको र ३० लाख लागत अनुमान भएको कार्यमा रु. २० लाखको मात्र कार्य हुँदा समेत निमाण सम्पन्न भएको देखाई सम्झौता फरफारक गरेको छ । लागत अनुमान भन्दा आधा प्रगति भएको कार्यमा समेत निर्माण सम्पन्न भएको देखाउदा तोकिएको परिमाण र गुणस्तर कार्य नभएको देखिन्छ । सम्झौता अनुसारको निर्माण कार्य नगरी फरफारक गर्ने र निर्माण कार्य अधुरो छोड्ने अवस्थामा सुधार गर्ने तर्फ कार्यालयको ध्यान पुग्नुपर्ने देखिन्छ ।

| **क.सं.** | **गो.भौ.नं.** | **विवरण** | **कार्यालयको तर्फवाट भुक्तानी** | **उपभोक्ता समिति योगदान** | **जम्मा** | **लागत अनुमान** |
|---|---|---|---|---|---|---|
| १ | २८।०७५।३।२५ | वडा नं. १ को वजारदेखि पुर्वतर्फ कल्भर्ट निर्माण | ६९८१६१.०० | ७८९४५.०० | ७७७१०६.०० | ७७७१०६.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | २४।०७५।३।२५ | वडा नं. १ को कार्यालयमा कम्पाउण्डवाल र सौचालय | ७२०१०६.०० | ९६१९६.०० | ८१८३०२.०० | ११०१८५९.०० |
| ३ | १६।०७५।३।४ | वृषनन्दन झाको घरदेखि फुलभन्ती स्थान जाने सडक | ३००००००.०० | ४०२५०६.०० | ३४०२५०६.०० | ४३३८३६३.०० |
| ४ | ३९।०७५।३।२५ | दक्षिणवारी टोल ससाना वाटो ढलान | १८२१०९४.०० | २१७६१०.०० | २०३८७०४.०० | ३००००००.०० |
| | | **जम्मा** | **६२३९३६१.००** | **७९५२५७.००** | **७०३६६१८.००** | **९२१७३२८.००** |

१५ **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिशपर्धा सिमित हुने गरी टुक्रे खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका सोफा, कुर्चि, टेवल, पंखा, चेयर लगायतका सामाग्री विभिन्न ५ पार्टीवाट खरिद गरी रु. ५ लाख भन्दा कमको विजक संलग्न गरी रु. २४,७२,५९७।०० भुक्तानी गरेको देखियो । स–साना टुक्रा वनाई सोझै वजारवाट खरिद गर्दा प्रतिशपर्धा सिमित हुन गएको देखिन्छ । एउटै प्याकेजमा समावेश गरी एक पटक खरिद गर्न सकिने सामान एकै पटक प्रतिस्पर्धि खरिद विधि प्रयोग गरी खरिद गर्नुपर्दछ ।

| क.सं. | गो.भौ.नं. | विवरण | आपूर्तिकर्ता | भुक्तानी |
|---|---|---|---|---|
| १ | ८२।०७५।०१।०३ | अफिस टेवुल कुर्सि आदी | शिव इन्टरप्राइजेज | ४९८३३०.०० |
| २ | ९०।०७५।०१।१० | कार्पेट, डल्फिन कुर्चि | कृष्ण स्टोर्स एण्ड जनरल अर्डर सप्लायर्स | ४९०९८५.०० |
| ३ | ९६।०७५।०१।१९ | व्याट्री तथा यू.पि.एस. | कृष्ण स्टोर्स एण्ड जनरल अर्डर सप्लायर्स | ४८९९२८.०० |
| ४ | १४२।०७५।०२।२२ | चेयर | मिस्याम इन्टरनेशलन, ललितपुर | ४९४३७५.०० |
| ५ | १४३।०७५।०२।२२ | टेवुल, पंखा, कुर्सि आदी | जलेश्वर ट्रेडर्स | ४९८९७९.०० |
| | | **जम्मा** | | **२४७२५९७.००** |

१६ **सरसफाई संरचना:** सरसफाई संरचना निर्माण कार्यक्रम अन्तर्गत ११५० थान प्यानसेट प्रतिसेट रु. १४८५ को दरले खरिद गरी आपूर्तिकर्ता डि.के. कन्स्ट्रक्शनलाई मू.अ.कर समेत रु. १९,२९,७५७।०० तथा पि.सि.सि. ९०४ थान आर.सि.सि. २२६ थान खरिद गरी रु. ७,६३,५८६।०० समेत जम्मा रु. २६,९३,३४३।०० भुक्तानी दिएको देखियो । गाउँपालिकाको वडामा वितरण गर्ने गरी खरिद भएको सामान जिन्सी दाखिला भएको देखिए पनि लक्षित वर्गलाई वितरण गरेको छैन । खरिद भईसकेको सामाग्री वितरण गरी तोकिए अनुसारको लक्ष प्राप्त गर्ने सक्षमता विकास गर्ने तर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

१७ **वढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले प्राविधिक जाँच गराई नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा रनिंग विलको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायअनुसारको दुई भुक्तानीमा नापी विल अनुसार रु. १५,७०,०९६।०० भुक्तानी गर्नुपर्नेमा रु. १८,७६,६२१।०० भुक्तानी गरेको देखिन्छ । नापी भएको भन्दा वढी भुक्तानी भएको रु. ३,०६,४९४।०० यकिन गरी सम्वन्धितवाट अशुल गर्नुपर्ने देखिन्छ । **३०६४९५.००**

| गो.भौ.नं. | भुक्तानी लिनेको नाम | कार्य | नापी किताव अनुसार | भुक्तानी रकम | वढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| ३१।०७५।०३।१९ | आधारभुत विद्यालय, वगेचा | विद्यालय स्तरोन्नर्ती | ७९६२९.०० | ८१८४२.०० | २२१३.०० |
| २३।०७५।०३।२५ | पि.सि.सि. ढलान उ.स. वेला २ | पि.सि.सि. ढलान | १४९०४६७.०० | १७९४७४९.०० | ३०४२८२.०० |
| | **जम्मा** | | **१५७००९६.००** | **१८७६५९१.००** | **३०६४९५.००** |

१८ **पेश्की वाँकी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को पच्छिेद ९ मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयले पेश्की वाँकीको विवरण पेश नगरेको र आर्थिक विवरण अनुसार निम्नानुसार पेश्की वाँकी रहेकोमा पेश्की लिने व्यक्तिको नामावली यकिन भएन । उल्लेखित पेश्की पेश्की यकिन गरी अशुल फछ्र्यौट हुनुपर्ने देखिएको छ । **३२७५०००.००**

| व.उ.शी.नं. | पेश्की मिति | पेश्की शीर्षक | पेश्की (रु.) |
|---|---|---|---|
| ८०१५१६ | | वित्तिय समानिकरण शसर्त | ७८२०००.०० |
| स्वास्थ्य | | स्वास्थ्य : म्याद नाघेको | ५४२०००.०० |
| | | म्याद ननाघेको | १२५८००.०० |

| | | | |
|---|---|---|---|
| | | स्वास्थ्य पुँजिगत | १५००००.०० |
| सामाजिक सुरक्षा | २०७५।३।३० | सामाजिक सुरक्षा भत्ता वितरण | १६७५२००.०० |
| | | **जम्मा** | **३२७५०००.००** |

१९ **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९ (२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। गाउँपालिका तथा वडाले उक्त व्यवस्थाको पालना गरेको देखिएन । साथै सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण वेभसाइटमा राख्नु पर्ने र यस सम्बन्धी सूचना एफ.एम. मा प्रचार प्रसार गर्नुपर्नेमा गरेको देखिएन । गाउँपालिकाका वडाहरुले वितरण गरेको देहायअनुसारको रु. ३,०१,८४,०००.०० सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सो व्यवस्थाको आंशिक रुपमा मात्र पालना गरेको देखियो । कार्यविधिमा उल्लेखित प्रावधान पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ । पञ्जिकरण अभिलेख अद्यावधिक भए नभएको परिक्षण गर्नको लागि मृत्यु दर्ता अभिलेख रजिस्टर माग गरिएकोमा लेखापरीक्षणको लागि पेश हुन आएन । मृत्यु दर्ता अभिलेख पेश हुन नआएकोले मृत्यु भईसकेका लाभग्राहीको नाममा रकम निकाशा एवं वितरण भए नभएको यकिन गर्न सकिएन । **११२०८००.००**

| वडा नं | सामाजिक सुरक्षा रकम | | | जम्मा | वडा सचिवको नाम | तेश्रो चौमासिक मध्ये वडा सचिवको खातामा रहेको रकम |
|---|---|---|---|---|---|---|
| | प्रथम चौमाशिक | दोश्रो चौमाशिक | तेश्रो चौमाशिक | | | |
| १. | १४९०४००.०० | १६०२४००.०० | १५४६४००.०० | ४६३९२००.०० | अरुण कुमार यादव | २४४०००.०० |
| २. | १४७२०००.०० | १५६८०००.०० | १४५२०००.०० | ४४९२०००.०० | लालवहादुर ठाकुर | १५२०००.०० |
| ३. | २०१९२००.०० | २०५१२००.०० | १९७५२००.०० | ६०४५६००.०० | कौशलेन्द्र कुमार कर्ण | ०.०० |
| ४. | २०४४८००.०० | २०७६८००.०० | २०९६८००.०० | ६२१८४००.०० | रतन राय | ४५६०००.०० |
| ५. | १४००८००.०० | १२००८००.०० | १२००८००.०० | ३८०२४००.०० | विकाश कुमार झा | ०.०० |
| ६. | १७३६८००.०० | १६२०८००.०० | १६२८८००.०० | ४९८६४००.०० | गोनु(गोणु) मण्डल | २६८८००.०० |
| **जम्मा** | **१०१६४०००.००** | **१०१२००००.००** | **९९०००००.००** | **३०१८४०००.००** | | **११२०८००.००** |

गाउँपालिकाले पहिलो र दोश्रो चौमासिकमा सम्बन्धित वडा सचिवहरुले उपलब्ध गराएको विवरणका आधारमा पेश्कीको रुपमा निकाशा दिई प्राप्त भरपाई फाँटवारीको आधारमा पेश्की फछ्यौट गरेको र तेश्रो चौमासिकमा वैंक मार्फत भुक्तानी गरेको छ । तेश्रो चौमासिक एभ्रेष्ट वैंकमा एकमुष्ट रकम दाखिला गरी बैंक मार्फत पहिलो चरणमा रु. ७२४८०००।००, दोश्रो चरणमा रु. १४३०४००।०० र वाँकी रु. ११,२०,८००।०० वैंक खाता नहुने व्यक्तिहरुको सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्नका लागि वडा सचिवको खातामा दाखिला गरेको देखियो । बैंक मार्फत तेश्रो चौमासिकको भत्ता वितरण नामावली प्राप्त गरी अभिलेख गर्नुपर्ने र उल्लेखित वडा सचिवको खातामा रहेको रकम अविलम्व वितरण गरी भरपाई पेश गर्नुपर्ने र वितरण हुन नसकेमा वेरुजु खातामा दाखिला गर्नुपर्दछ ।

२० **भरपाई वेगरको खर्चः** कार्यालयले खर्च लेखाङ्कन गर्दा खर्च पुष्टी प्रमाण सहितको लेखा राख्नुपर्दछ । कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि पेश्की दिई फछ्र्यौट गरेकोमा निम्नानुसार विल भरपाई नपुग भएको छ । भरपाई वेगरको रु. ६४०००.०० सम्वन्धित बाट असुल गर्नुपर्दछ । **६४०००.००**

| गो.भौ.नं. | नाम | विवरण | नपुग रकम |
|---|---|---|---|
| १२।०७५।०१।०२ | रतन राय | सामाजिक सुरक्षा प्रथम किस्ता वितरण वडा नं. ४ | ४००००.०० |
| १९।०७५।०३।२८ | गोणु मण्डल | सामाजिक सुरक्षा दोश्रो किस्ता वितरण वडा नं. ६ | १२०००.०० |
| ४४।०७५।०३।३२ | रतन राय | सामाजिक सुरक्षा दोश्रो किस्ता वितरण वडा नं. ४ | ४०००.० |
| ४५।०७५।०३।३२ | लालबहादुर ठाकुर | सामाजिक सुरक्षा दोश्रो किस्ता वितरण वडा नं. २ | ८०००.०० |
| | **जम्मा** | | **६४०००.००** |

२१ स्थानीय तहको उद्देश्य अनुरुप सेवा सुविधाहरु लक्षित वर्ग सम्म सहज रुपमा पुग्नु पर्दछ । कृषि कार्यक्रम तर्फ रु. ७३५०००।०० को ७३५० वटा आँपको वोट, रु. १७००००।०० को १७०० लिचिको वोट लगायत निम्नानुसार विउ, विजन तथा विरुवा वडा कार्यालयले वुझेको देखियो । वितरण भरपाईको अभावमा उल्लेखित विउ, विजन तथा विरुवा लक्षित वर्गले समयमा प्राप्त गरे नगरेको यकिन भएन । लक्षित वर्ग सम्म सहज रुपले कृषि सामाग्री पुर्‍याई प्रभावकारी वितरण हुने गरी वितरण प्रणालि व्यवस्थित गर्नुपर्दछ ।

| क्र.सं. | गो.भौ.नं. | विवरण र परिमाण | रकम |
|---|---|---|---|
| १ | ९।०७५।३।१८ | आँपः ४००० वोट | ४०००००.०० |

| | | | |
|---|---|---|---|
| | | लिची: ९५० वोट<br>मेवा: ३०० वोट | ९५000.00<br>४५00.00 |
| २ | १0।0७५।३।२५ | आँप: ३३५० वोट<br>लिची: ७५० वोट<br>कागति: १००० वोट<br>अम्वा: ५0,000 वोट | ३३५000.00<br>७५000.00<br>४५000.00<br>१२५000.00 |
| ३ | २३।0७५।२।१ | मुगी: ३०० क्वीन्टल<br>कोदो: १६० केजी | ३५0000.00<br>१६000.00 |
| | **जम्मा** | | **१४४५५00.00** |

| | | |
|---|---|---|
| २२ | लेखापरीक्षण योजना तथा कार्यक्रमको अनुसुची ११ अनुसार कार्यालयको बित्तिय जवाफदेहिताको मूल्यांकन गरी ४ तहमा ग्रेडिङ गर्नुपर्ने व्यवस्था छ । कार्यालयको व्यवस्थापकिय पक्ष, बित्तिय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन तथा बिकास निर्माणको ५/५ गरी जम्मा १०० पुणाङ्कको आधारमा व्यबस्थापन पक्षसँग छलफल समेत गरी मूल्याकंन गर्दा कार्यालयको कार्यसम्पादन एंव वित्तिय जवाफदेहिताको मूल्यांकन अंक ५१ रहेको छ । कार्यालयले व्यवस्थापकीय, वित्तिय, सेवा प्रवाह तथा खरिद व्यवस्थापन पक्षमा आगामी दिनमा सुधार गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन ध्यान दिनुपर्दछ । | |
| २३ | **बेरुजू** - गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु. ३ लाख ७० हजार, नियमित गर्नुपर्ने रु. ३ करोड ८ लाख ७९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ११ लाख २० हजार र पेश्की रु. ३२ लाख ७५ हजार बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भएको छैन । | |
| २४ | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। गत वर्षको बक्यौता रहेकोले बेरुजु कायम भएको छैन । | |
| २५ | **अद्यावधिक बेरुजू स्थिति :** गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) © | यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| - | - | ३,५६,४६,१०५.00 | ३,५६,४६,१०५.00 |

अनुसूची– १७

# स्थानीय तहतर्फको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## संघीय मामिला तथा सामान्य प्रशासन लेखापरीक्षण निर्देशनालय

## आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्योट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | महोत्तरी | एकडारा गाउँपालिका | १९ | ६ | ३५६४६ | ० | ० | ० | १९ | ६ | ३५६४६ | ३७० | ३०८७९ | ११२१ | ० | ० | ३२३७० | ० | ३२७६ | ३२७६ |

अनुसूची- १

# स्थानीय तह सञ्चित कोष विवरण

## आर्थिक वर्ष २०७४।७५

**प्रदेश नम्बर :- ७**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १ | एकडारा गाउँपालिका | महोत्तरी | ७७८८ | १५२७९४ | ६२३१९ | ४९७७४ | २६४८८७ | १२४६३८ | ६८९२४ | १२७८ | १९४८४० | ७७८३५ |